**संघीय संसद**
**प्रतिनिधि सभा**
**विकास तथा प्रविधि समिति**
**बैठक संख्या : १२६**

मितिः २०७८/०६/१८

छलफल एवं निर्णय :

समितिको आज बसेको बैठकमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत, नेपाल सरकार अर्थ मन्त्रालयका सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव, शहरी विकास मन्त्रालयका सचिव र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख लगायत सम्बद्ध पदाधिकारीहरुको उपस्थितिमा पुनर्निर्माण कार्यको हस्तान्तरण, निर्माण सम्पन्न हुन बाँकी कार्यको सुनिश्चितता र आगामी कार्ययोजनाको सम्बन्धमा विस्तृत छलफल भई देहाय बमोजिमको निर्णय भयो ।

१ भूकम्पबाट क्षतिग्रस्त भएका संरचनाहरुको पुनर्निर्माण गर्ने जिम्मेवारी पाएको राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले निर्माण गरी त्यसको जिम्मेवारी नेपाल सरकारका विभिन्न मन्त्रालय तथा निकायहरुमा हालै हस्तान्तरण भएको सन्दर्भमा ती संरचनाहरुको दिगो संरक्षण, उपयोग, मर्मत सम्भार एवं त्यसको समुचित व्यवस्थापन गर्न र हस्तान्तरण भई पुनर्निर्माण सम्पन्न भई नसकेका संरचनाहरुको निर्माणको लागि स्रोतको सुनिश्चितता सहित निर्धारित समयमा सम्पन्न गर्न समन्वयात्मक भूमिका निर्वाह गर्ने गरी स्पष्ट कार्ययोजना १५ (पन्ध्र) दिनभित्र तयार पारी कार्यान्वयन गर्न र उक्त कार्ययोजना समितिलाई समेत उपलब्ध गराउन समिति राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, नेपाल सरकार अर्थ मन्त्रालय, शहरी विकास मन्त्रालय, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालय र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण लगायत सम्बद्ध जिम्मेवार निकायहरुलाई निर्देश गर्दछ ।

२ राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको समयावधि समाप्त हुन गइरहेको सन्दर्भमा प्राधिकरण र प्राधिकरण मातहत रही भूकम्प प्रभावित विभिन्न जिल्लामा खटिइ पुनर्निर्माणको कार्यलाई सफल बनाउन योगदान पुऱ्याउने जनशक्तिलाई प्रभावकारी रुपमा व्यवस्थापन गरी परिचालन गराउने व्यवस्था मिलाउन समिति राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, नेपाल सरकार अर्थ मन्त्रालय, शहरी विकास मन्त्रालय, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालय र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण लगायत सम्बद्ध जिम्मेवार निकायहरुलाई निर्देश गर्दछ ।

३ भूकम्पबाट प्रभावित जिल्लाहरुमा पुनर्निर्माणको कार्यमा प्रयोग भएको भूकम्प प्रतिरोधी प्रविधि नेपालको सबै जिल्लाहरुमा प्रयोग गरी निजी आवास लगायत पूर्वाधार निर्माणका कार्यहरुलाई दिगो र सुरक्षित बनाउने वातावरण सुनिश्चित गर्न समिति नेपाल सरकार शहरी विकास मन्त्रालयलाई निर्देश गर्दछ ।

४ वि.सं. २०७२ साल वैशाख १२ गते गएको भूकम्पको केन्द्रविन्दु मानिएको गोरखा जिल्लाको वारपाकमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट पुनर्निर्माण भएका निजी आवास लगायत विभिन्न संरचनाहरुको समितिका मा. सभापतिको संयोजकत्वमा समितिका मा. सदस्य र कर्मचारीहरु सहितको संसदीय टोलीले उपयुक्त समयमा स्थलगत अनुगमन भ्रमण गर्ने ।

५ समितिको आगामी बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो ।

(ओमबहादुर कार्की)
समिति सचिव

(कल्याणी कुमारी खड्का)
सभापति